# इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१.नं. प्रदेश, नेपाल

☎ ०२५-५८००४
०२५-५८२३१६
०२५-५८२८१६
०२५-५८२१६५


प.सं.
च.नं. ५८६८

मिति २०७५।०२।२१

**विषयः रेडियोलोजिकल औजार उपकरण,ल्याब सम्बन्धि उपकरण, सामाग्री तथा औषधी (औषधी तथा औषधीजन्य सामाग्री) खरिद सम्बन्धि शिलवन्दी दरभाउपत्र आह्वानको सुचना**

*प्रथम पटक प्रकाशित मिति:२०७५।०२।२२*

यस इटहरी उपमहानगरपालिका अन्तर्गत सचांलित विभिन्न स्वास्थ्य संस्था (प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र(जनता स्वास्थ्य केन्द्र),बर्थिङ्गसेन्टरहरु) को लागि आ.व. ०७४/७५ मा आवश्यक पर्ने तपशिल अनुसारको रेडियोलोजिकल औजार उपकरण, ल्याब सम्बन्धि उपकरण सामाग्री तथा औषधी (औषधी तथा औषधीजन्य सामाग्री)खरिद गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ, इच्छुक इजाजत प्राप्त संघ, सस्था, कम्पनिलाई तपशिल अनुसारको मिति, समय र स्थानमा तोकिएको दस्तुर बुझाई शिलबन्दि दरभाउपत्र पेश गर्नुहुन सुचित गरिन्छ

<u>शर्तहरु:</u>

१. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नआउदाँ निवेदन साथ नविकरणको म्याद समाप्त नभएको औषधि बिक्री गर्ने इजाजतपत्र, मुल्यअभिवृद्धि करमा दर्ता भएको आ.व. ०७३/७४ मा कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्नहुनु पर्नेछ ।

२. सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म शिलबन्दी दरभाउपत्र फाराम बिक्री वितरण हुनेछ । १६ औं दिनको १२ बजे सम्म विक्रि भएका दरभाउपत्रहरु दर्ता गरि सक्नु पर्ने छ । सो शिलबन्दी दरभाउपत्रसाथ तपशिलमा तोके वमोजिमको रकम बराबरको मान्यता प्राप्त बैंकवाट जारी भएको कम्तीमा ७५ दिन ( शिलवन्दि बुझाउने अन्तिम मितिबाट) म्याद भएको जमानत ( विडवाउण्डको ) सक्कलप्रति बैंक जमानत वा नेपाल बैंक लि इटहरीमा रहेको यस इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयको धरौटी खाता नं. ग-३/०५९०३००००००००००३००००३ मा जम्मा गरि सोको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत, कार्यालयको छापलागेको निवेदन पेश गर्नुपर्नेछ । दस्तखत तथा कार्यालयको छाप नभएको निवेदन उपर कुनै हालतमा मान्यहुने छैन ।

४ शिलबन्दी दरभाउपत्र विक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु सो को भोलिपल्ट क्रमश हुनेछ ।

५. म्यादभित्र दर्ता हुनआएका शिलवन्दी दरभाउपत्र फारामहरु १६ औं दिनको २.०० बजे पछि कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोल्निने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

६. सिलवन्दी दरभाउपत्र कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा दस्तखत गरेको हुनु पर्ने छ ।

७ औषधि खरिद गर्दा (WHO GMP Certified Company) बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ ।

८. प्रत्येक समुहको बेग्लाबेग्लै शिलबन्दि दरभाउपत्र खरिद गरी शिलबन्दि गरी दरभाउपत्र पेश गर्नेको नाम, ठेगाना र दरभाउपत्रको समुह समेत उल्लेख गर्नुपर्नेछ ।

९. सप्लाइ हुने औषधिहरुको प्रत्येक प्याकिङको बाहिर उत्पादनमिति / ExpireDate / व्याच नं. उल्लेख भएको हुनु पर्नेछ तथा सम्पुर्ण औषधिहरुको स्ट्रिप, वोतल , ट्युब लगायतमा अनिवार्य रुपमा निःशुल्क वितरणFree supply for Ministry of Health Nepal स्पष्ट रुपमा उल्लेख भएको हुने पर्नेछ ।

१०. पेश भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा एक मुष्ठ स्विकृत गर्ने अधिकार यस कार्यालयमा मात्र निहित रहने छ ।

११. सिलवन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर रेट प्रति ईकाईगा उल्लेख गरी जम्मा गरी मु.अ.कर लाग्नेको मात्र मु.अ.कर उल्लेख गरी पेश गर्नु पर्ने छ ।

१२. सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौतागर्न आँउदा सम्झौता अंकको थप ५ (पांच प्रतिशत) ले हुनआउने रकम बराबरको मान्यताप्राप्त बैंकवाट जमानतपत्र वा नगद माथी उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

१३. बजेट निकासालाई आधार मानी आवश्यकता अनुसार बोलपत्रमा उल्लेखित औषधि एकै पटक वा पटकपटक खरिद गर्न सकिनेछ ।

१४. कार्यालयमा औषधिसामाग्रीहरु दाखिला हुन आँउदा सम्म औषधिको म्याद १८ महिना बाँकि ( एक्सपायरी डेट ) हुनुपर्ने छ र ल्याब सामाग्रीहरु (Reagents) को हकमा १ वर्षको हुनुपर्ने छ । फ्रिजमा स्टोर गर्नुपर्ने सामाग्रीहरु (Reagents)गुणस्तर कायम गरी ल्याई बुझाउनुपर्ने छ ।कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा औषधिको जम्मा self life को कम्तीमा ७५ प्रतिशत म्याद बाँकिहुँदा दाखिला गर्न सकिनेछ ।

१५. कार्यालय सम्म आपूर्ति गर्न लाग्ने ढुवानि तथा अन्य करहरु दरभाउपत्र दाता स्वंयले व्यहोर्नू पर्नेछ ।

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

१६. आफुले सप्लाई गरिने सप्लाइ हुने रेडियोलोजिकल औजार उपकरण, ल्याब सम्बन्धि उपकरण सामाग्री तथ औषधिहरुको आधिकारीकपत्र (Authority Letter) स्वदेशि कम्पनीको हकमाउत्पादकबाट र विदेशि कम्पनीभए (National Suppliers )बाटलिई पेश गर्नु पर्ने छ ।

१७. दरभाउपत्र फाराममा खरिद गर्ने प्रत्येक वस्तुको उत्पादक कम्पनिको नाम अनिवार्य रुपले भर्नुपर्नेछ । यसरी कम्पनि उल्लेख नभएको फर्म मान्यहुने छैन । सुई, धुलो, झोल औषधिहरु बाहेक अन्य सम्पूर्ण औषधिहरु ( ट्यावलेट र क्याप्सुल Stripप्याकमा ,वोतलआईटम्स प्लाष्टिकवोतलमा )Stripमाआपुर्ति गर्नु पर्नेछ ।

१८. एक बिक्रेताको नाँउमा विक्रीभएको दरभाउपत्र अर्को विक्रेताको नाँउमा दाखिलागर्न पाउने छैन् ।

१९. सिलवन्दी दरभाउपत्रफारम दर्ता गर्न ल्याउदा आफुले दिनचाहेको औषधिWHO/GMP प्राप्तकम्पनीको हुनु पर्ने र प्रत्येक आईटमको स्याम्पल समेत पेश गर्नु पर्नेछ र औजार, उपकरणको हकमा क्याटलग पेश गर्नुपर्नेछ साथसाथै सभंवत ISO गुणस्तर सर्टिफिकेट हुनु पर्नेछ ।

२०. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयको वेभसाईड www.itaharimun.gov.npमा हेर्न सकिने छ वा यस कार्यालयमा कार्यालय समय भित्र स्वास्थ्य शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

२१. यस सुचनामा छुट हुनगएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानूनअनुसार हुनेछ ।

२२. औजार, उपकरणहरुको १ वर्षको वारेण्टी भएको र स्पेशिफिकेशन अनुसार हुनुपर्ने छ । स्पेशिफिकेशन दरभाउपत्रकासाथ उपलब्ध हुनेछ र त्यसको कबोल गरी उक्त अवधिभित्र मर्मत सभांर गर्नुपर्ने भए सम्बन्धित सप्लायर्सले गरिदिनु पर्नेछ । औजार तथा उपकरण बिग्रिएमा वा कामनलाग्ने भएमा सो को सट्टाभर्ना नयाँ उपलब्ध गराउनु पर्नेछ ।

**तपशिलः**

**(क) शहरी स्वास्थ्यप्रवर्धन केन्द्र तर्फ**

| सि.नं. | विवरण | दरभाउपत्रखरिद गर्ने अन्तिम मिति | दरभाउपत्रखरिद दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खालिने अन्तिम मिति र समय | धरौटी(विडवण्ड) रकमरु. |
|---|---|---|---|---|---|
| १ | रेडियोलोजिकल औजार उपकरण | २०७५।०३।०५ कार्यालय समय | २०७५।०३।०६ दिनको १२:०० बजे | २०७५।०३।०६ दिनको २:०० बजे पछि | १,२५,०००।०० |
| २ | ल्याब सम्बन्धि उपकरण तथा सामाग्री( Reagents) | २०७५।०३।०५ कार्यालय समय | २०७५।०३।०६ दिनको १२:०० बजे | २०७५।०३।०६ दिनको २:०० बजे पछि | ५२,०००।०० |
| ३ | औषधी | २०७५।०३।०५ कार्यालय समय | २०७५।०३।०६ दिनको १२:०० बजे | २०७५।०३।०६ दिनको २:०० बजे पछि | ८,०००।०० |

**(ख) प्राथमिक स्वास्थ्य केन्दतर्फ**

| सि.नं. | विवरण | दरभाउपत्रखरिद गर्ने अन्तिम मिति | दरभाउपत्रखरिद दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खालिने अन्तिम मिति र समय | धरौटी(विडवण्ड) रकमरु. |
|---|---|---|---|---|---|
| १ | डेण्टल सामाग्री औजार उपकरण तथा अन्यसामाग्री | २०७५।०३।०५ कार्यालय समय | २०७५।०३।०६ दिनको १२:०० बजे | २०७५।०३।०६ दिनको २:०० बजे पछि | १०,०००।०० |
| २ | अस्पताल सचांलनका लागि औजार उपकरण तथा अन्य सामाग्री | २०७५।०३।०५ कार्यालय समय | २०७५।०३।०६ दिनको १२:०० बजे | २०७५।०३।०६ दिनको २:०० बजे पछि | ३०,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

इटहरी उप... नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, सुनसरी नेपाल
स्था. २०७३

(ग) बर्थिङ्ग सेन्टरतर्फ

| सि.नं. | विवरण | दरभाउपत्रखरिद गर्ने अन्तिम मिति | दरभाउपत्रखरिद दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खालिने अन्तिम मिति र समय | धरौटी(विडवण्ड) रकमरु. |
|---|---|---|---|---|---|
| १ | औजार उपकरण तथा अन्य सामाग्री | २०७५।०३।०५ कार्यालय समय | २०७५।०३।०६ दिनको १२:०० बजे | २०७५।०३।०६ दिनको २:०० बजे पछि | २२,०००।०० |

...................................
प्रमुख प्रशासकिय अधिकृत

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत